म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २५३ | शुक्रबार ९ बैशाख २०७९ | षष्ठी ने. सं. ११४२ चिल्लाथ्व | 22 April, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सार्वजनिक सवारीको भाडा डिजिटल भुक्तानीबाट

हेटौंडा, ८ वैशाख/ सार्वजनिक सवारी साधनहरुमा डिजिटल भुक्तानी (क्यासलेस) भाडाको व्यवस्था गर्न बागमती प्रदेश सरकारले आवश्यक तयारी अघि बढाएको छ ।

प्रदेशभित्र यात्रुवाहक सार्वजनिक सवारी साधनहरुमा क्यासलेस (नगदरहित विद्युतीय माध्यमबाट) भाडा भुक्तानी गर्ने सम्बन्धमा प्रदेशभरका यातायात क्षेत्रका सम्बन्धित पक्षसँग बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले छलफल गरेको हो । यात्रुवाहक सवारीसाधनहरुले सरकारले तोकेको भन्दा बढी भाडा लिने भएकाले भाडादरमा एकरुपता ल्याउन सरकारले विद्युतीय माध्यामबाट भाडा भुक्तानी प्रणाली व्यवस्था गर्ने योजना ल्याएको जनाएको छ । उक्त भाडा भुक्तानीलाई नगदरहित बनाई विद्युतीय प्रणालीबाट सञ्चालन गर्न विज्ञहरुसँग छलफल गरिएको बताइएको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव नेत्रप्रसाद सापकोटाले राष्ट्र बैंक, केन्द्र र श्रमिकहरुसँगको छलफलपछि योजना टुंगो लाग्ने जानकारी दिएका छन् ।

# राप्रपाको दाबीमा एमाले मकवानपुरको असहमति

साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि मकवानपुरका सत्तासाझेदार पाँच दलीय गठबन्धनबिरुद्ध एमालेले पनि राप्रपा नेपालसँग तालमेल गर्ने तयारी गरिरहेको छ ।

निर्वाचनमा एमालेसँग तालमेल गरेको राप्रपा नेपालले हेटौंडा र थाहा नगरको उपमेयरमा दाबी गरेको छ । तर, एमालेले राप्रपा नेपालको दाबी स्वीकार गरेको छैन । यसकारण एमाले र राप्रपा नेपालबीचको गठबन्धन पनि पेचिलो बन्दै गइरहेको छ ।

राप्रपा नेपालले एमालेसँग हेटौंडा उपमहानगरपालिका र थाहा नगरपालिकाको उपमेयर मागेको जनाइएको छ । राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरुप्रसाद सापकोटाले आफूहरुले हेटौंडा र थाहासहित अन्य ४ वटा गाउँपालिकाको उपप्रमुख र एउटा गाउँपालिकामा प्रमुख पदमा दाबी गरेको *साझाकुरा*लाई जानकारी दिए ।

'अहिलेसम्म हामी छलफलमा नै छौं । टुंगिसकेको छैन तर, हामीले हेटौंडा र थाहाको उपमेयर, बागमती गाउँपालिकाको अध्यक्ष र अन्य ४ वटा गाउँपालिकाको उपाध्यक्ष मागेका छौं', उनले भने । सापकोटाले राप्रपा नेपालले एमालेसँग जिल्लामा रहेका १ सय २ वडामध्ये २५ देखि ३० वडासम्म पाउनुपर्ने माग पनि गरेको बताए ।

उनले आज शुक्रबार बस्ने बैठकले भागवण्डाको टुंगो लगाएपछि मात्रै उम्मेदबारको टुंगो लाग्ने पनि जनाएका छन् । राप्रपाका अध्यक्ष सापकोटा जिल्लाको ७ वटा पालिकाको नेतृत्वमा दाबी गरेको बताइरहँदा एमालेका जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले भने राप्रपाले दाबी गरेकै कुरा स्वीकार्न चाहेनन् ।

उनले राप्रपालाई कुनैपनि पालिकाको प्रमुख वा उपप्रमुख दिन नसक्ने भन्दै राप्रपाले दाबीसमेत नगरेको बताए । उनले भने 'राप्रपाले त्यस्तो



कुनैपनि पालिका मागेको छैन, मागेपनि दिने सम्भावना छैन', श्रेष्ठले सदस्यसमेत दिनेगरी छलफल भइरहेको बताए ।

उनले राप्रपा र एमालेबीच भागवण्डामा कुनै समस्या नभएको भन्दै छिट्टै टुंगोमा पुग्ने दाबी गरे । राप्रपा नेपालका जिल्ला अध्यक्ष सापकोटाले भने आफूहरुले लिखित रुपमा नै एमालेसँग पालिका प्रमुख तथा उपप्रमुखमा दाबी गरेको बताइरहेका छन् । सापकोटाले मागेबमोजिम नभए पनि एमालेले भनेको कुरामा सहमत हुन नसक्ने बताए ।

केन्द्रबाट नै चुनावी तालमेल भएको भन्दै सापकोटाले सदस्यमा मात्रै मिलेर अगाडि कुनै हालतमा जान नसक्ने बताएका छन् । वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचन आउन २१ दिन मात्रै बाँकी छ ।

स्थानीय तहको निर्वाचनमा उम्मेदबार बन्नेहरुलाई वैशाख १२ गते मनोनयन दर्ता गर्न निर्वाचन आयोगले मिति तय गरेको छ । तर, मनोनयन दर्ता गर्न ३ दिन मात्रै बाँकी हुँदा पनि गठबन्धन दलहरुमा भागबण्डा नै मिलिनसक्दा कुन पालिकामा को उम्मेदबार बन्ने भन्ने नै टुंगो लागेको छैन । पाँच दलीय गठबन्धनमा झन् भागवण्डा मिलाउन ठूलो सकस परेको छ । नेकपा एमालेले जिल्लाको १ सय २ वटै वडा र पालिकाहरुबाट उम्मेदबारको नाम सिफारिस गरिसकेको छ । द्रूत गतिमा उम्मेदबार टुंगो लगाउने गरी प्रक्रिया सुरु गरेको एमाले राप्रपा नेपालसँगको समीकरण पनि भने भागवण्डाको कारण उम्मेदवार चयन गर्ने प्रक्रियामा सुस्त बनेको छ ।

मकवानपुर राप्रपा नेपालका अध्यक्ष कमल थापाको गृह जिल्ला हो । २०७४ को स्थानीय तहको निर्वाचनमा प्राप्त मत परिणाम अनुसार मकवानपुरको सबैभन्दा ठूलो दल एमाले हो भने राप्रपा चौथो शक्तिका रुपमा छ । तर, राप्रपा फुटेर बनेको राप्रपा नेपालको शक्ति पहिचान भइसकेको छैन । गत निर्वाचनमा मकवानपुरमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) थियो ।

तर, अहिले राप्रपाका पूर्वअध्यक्ष कमल थापा राप्रपा छोडेर राप्रपा नेपालमा छन् । राप्रपा छोडेर राप्रपा नेपाललाई पुनर्जीवन दिएका थापाले गृहजिल्लामा नै नेता कार्यकर्ताको साथ राम्रोसँग पाएका छैनन् । त्यसमा पनि राजतन्त्र फर्काउने मुद्दा बोकेर राजनीति गर्दै आएका थापाले राप्रपा नेपालमा पुग्दा सो मुद्दालाई नै छाडेकाले मकवानपुरमा उनको पार्टी राप्रपा नेपालको प्रभाव कस्तो छ भन्न सक्ने अवस्था छैन । एमालेबाट विभाजन भएर नेकपा एकीकृत समाजवादी पार्टी बनेको छ भने राप्रपा नेपाल राष्ट्रिय प्रजातन्त्र पार्टीबाट निस्किएको पार्टी हो ।

दुबै पार्टी विभाजनपछि पहिलोपटक चुनावमा भाग लिँदैछन् । त्यसैले यी दुबै पार्टीलाई एकअर्काको धेरथोर साथ पनि महत्वपूर्ण नै रहन्छ ।

**भोलि एमालेबाट हेटौंडाको मेयर टुंगो लाग्ने**

नेकपा एमालेले देशको ६ महानगर र हेटौंडा उपमहानगर पालिकासहित ११ उपमहानगरमा उम्मेदवारको नाम टुंगो लगाउने भएको छ ।

बिहीबार बालकोटमा बसेको एमाले सचिवालय बैठकले प्रदेश कमिटीले सिफारिस गरेको उम्मेदबारको नामावलीलाई १० वैशाखमा टुंगो लगाउने प्रचार विभाग प्रमुख तथा उपमहासचिव पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका छन् । हेटौंडा उपमहानगरमा मेयरका लागि एमालेले तीन जनाको नाम सिफारिस गरेको छ । जसमा संविधानसभा सदस्य अनन्त पौडेल, वर्तमान मेयर हरिबहादुर महत र गणेशकुमारी प्रधान छन् ।

एमाले नगर समितिको बैठकबाट ९ जना आकांक्षीमध्ये अन्तिम ३ जनाको नाम छनौट गरी जिल्ला समितिमा सिफारिस गरिएको थियो । हेटौंडाको उपमेयरका लागि आरती पाठक, सुमित्रा काफ्ले र इन्द्र नेपालको नाम सिफारिस भएको छ ।

गत निर्वाचनमा हेटौंडाको मेयर र उपमेयरमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीचको गठबन्धनका उम्मेदवारलाई एमालेका हरिबहादुर महत र मिनाकुमारी लामाले जितेका थिए ।

लामा, हाल एमाले छाडेर नेकपा (एकीकृत समाजवादी)मा छन् । उनी एकीकृत समाजवादीबाट मेयरको दौडमा छन् ।

## कांग्रेस प्रदेश समितिले तोक्यो जिल्ला संयोजक

हेटौंडा, ८ वैशाख/ आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि नेपाली कांग्रेस बागमती प्रदेश समितिले प्रदेशका १३ जिल्लामा संयोजक तोकेको छ । स्थानीय तह निर्वाचनमा कांग्रेस पार्टी र तालमेल गरिएका दलहरुका उम्मेदबारलाई विजयी गराउन प्रदेशका १३ जिल्लामा संयोजकहरु तोकिएको हो । प्रदेश उपसभापति चन्द्र महर्जनको संयोजकत्व तथा निर्देशनमा रहने गरी १३ जिल्लामा संयोजक तोकिएको हो । जसअनुसार मकवानपुरमा बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले जिम्मेबारी पाएका छन् ।

भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर प्रजालाई धादिङको संयोजक बनाइएको छ । निर्वाचनका लागि पालिकाहरुमा तोकिएका प्रदेश प्रतिनिधिहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्न प्रदेशका पदाधिकारी तथा सदस्यहरुलाई जिल्ला संयोजक तोकिएको हो । काभ्रेमा कञ्चनचन्द्र बादे, काठमाडौंमा राजु श्रेष्ठ, चितवनमा दीर्घमान श्रेष्ठ, ललितपुरमा ऋषिराम घिमिरे, नुवाकोटमा जीवन डंगोल, सिन्धुपाल्चोकमा हरिशरण श्रेष्ठ, भक्तपुर कृष्णलाल भँडेल, दोलखामा प्रभात तामाङ, रसुवामा लामाकार्पु तामाङ, सिन्धुलीमा दीपेन्द्र आचार्य र रामेछापमा भद्रा पराजुली भण्डारीलाई संयोजकको जिम्मेबारी दिइएको हो ।

# मनहरीमा पुगेर अड्किियो गठबन्धन


साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी दर्ताको समय नजिकिँदै गएपनि मकवानपुर गठबन्धनमा अझै भागबण्डा मिल्न सकेको छैन ।

लामो समयदेखि निरन्तर बसेको गठबन्धन बैठकले मकवानपुरका १० वटा पालिकामा सहमति जुटाउँदै आएपनि अन्ततः मनहरीमा अड्किएको छ । हेटौंडाको नेतृत्व कस्ले गर्ने भन्ने गठबन्धनभित्रको लडाईं सकिएसँगै मकवानपुरका अन्य पालिकामा गठबन्धन दलबीच भागबण्डा सहमतिनजिक पुगेको छ ।

गठबन्धनका पाँच दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चामध्ये हेटौंडाको मेयरमा कांग्रेस र एकीकृत समाजवादीले दाबी छाडेका थिएनन् ।

केन्द्रीय गठबन्धनबाटै हेटौंडाको मेयर एकीकृत समाजवादीलाई दिने सहमति भएसँगै मकवानपुरमा गठबन्धनभित्रको लडाइँ सकिएको छ । यद्यपि, हेटौंडाको मेयरलाई लिएर गठबन्धनलाई संयोजन गरिरहेको कांग्रेस मकवानपुरमा रडाको



मच्चिएको छ । कांग्रेस बागमती प्रदेश नेतृत्व र जिल्ला नेतृत्वलाई बहुमत पदाधिकारी र हेटौंडा नगर समितिले चेतावनी दिइरहेको छ । केन्द्रीय गठबन्धनले हेटौंडाको मेयर एकीकृत समाजवादीलाई दिने भनेर गरेको निर्णय नमान्ने उनीहरुले चेतावनी दिएका छन् ।

कांग्रेस जिल्ला नेतृत्वले पार्टी निर्देशन मानेर अघि बढ्नुको विकल्प नभएको बताइरहेका बेला जिल्लाकै बहुमत पदाधिकारी र कांग्रेस नगर समितिले निर्णय पुनरावलोकन नभए एक्लै निर्वाचन लड्ने चेतावनी दिइरहेको हो ।

यसैगरी, मकवानपुरका १० पालिकामध्ये १ नगरपालिका र ५ गाउँपालिकाको भागबण्डा टुंगिसकेको छ । जसमध्ये गत निर्वाचनमै जितेको आधारमा कांग्रेसले राक्सिराङ र बकैया गाउँपालिका, माओवादीले थाहा नगरपालिका र बागमती तथा एकीकृत समाजवादीले हेटौंडासहित कैलाश र इन्द्रसरोबर गाउँपालिका पाइसकेका छन् ।

बाँकी मकवानपुरगढी, भीमफेदी र मनहरी गाउँपालिकामा सहमति हुन सकेको थिएन । तर, गठबन्धनभित्र भीमफेदी र मकवानपुरगढीको हकमा सहमति भइसकेको र मनहरी गाउँपालिकामा सहमति जुट्न नसकेको माओवादी केन्द्रका जिल्ला सचिव भीम पाख्रिनले जानकारी दिए । उनले मनहरीमा आएर अड्किएको बताए । मनहरीमा कांग्रेस र माओवादीले दाबी गरिरहेका छन् । सहमति हुन नसकेपछि बिहीवार कांग्रेस र माओवादी आ-आफ्नै आन्तरिक बैठकमा बसेका थिए । आज शुक्रबार मनहरीको हकमा सहमति हुने पाख्रिनले जानकारी दिए । तर, यसअघि मिल्न नसकेको भीमफेदी र मकवानपुरगढीमा भएको सहमति बाहिर ल्याउन नेताहरुले चाहेनन् ।

स्रोतका अनुसार भीमफेदी र मकवानपुरगढी कांग्रेसले लिएको छ । अन्तिममा गठबन्धनभित्र सहमति हेरफेर नभए कांग्रेसले ४ पालिका, माओवादी र एकीकृत समाजवादीले ३-३ वटा पालिका पाउने भएका छन् । तर, एकीकृत समाजवादीले कैलाश गाउँपालिका छोड्नु पर्नेमा कांग्रेस नेताहरुको भनाइ छ ।

माओवादी केन्द्रले चार वटा पालिकामा उपाध्यक्ष माग गरेको छ । पालिकामा मात्र नभई वडाको भागबण्डामा पनि सहमति जुट्न सकेको छैन । माओवादी केन्द्रले जिल्लाका १ सय २ वडामध्ये ४६ वटामा दाबी गरेपछि कांग्रेस हच्चिएको थियो । हाल माओवादी केन्द्रले ४४ वटा वडामा दाबी गरेको छ । तर, कांग्रेसले ४४ वटामा पनि सहमति नजनाएको कांग्रेसका एक पदाधिकारीले *साझाकुरा*लाई जानकारी दिए । कांग्रेसले ७० वटा र एकीकृत समाजवादीले ३० वटा वडामा दाबी गरेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेसिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS

GRAND OPENING
Offer
रु.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १५ युनिट विद्युत खपत ।
☞ ट्युबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

# अस्पतालमा तत्काल औषधि व्यवस्थापन गरियोस्

मक्वानपुर जिल्लाको मनहरी गाउँपालिकास्थित मनहरी अस्पतालमा सिटामोल र जीवनजल जस्ता सामान्य औषधिसमेत अभाव भएको समाचार बाहिरिएको छ । सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको सिटामोल र जीवनजल जस्ता औषधी मध्ये ३० प्रतिशत औषधिमात्र अस्पतालमा रहेको अस्पताल स्रोतले बताइरहेको छ । संघीय सरकारले स्वास्थ्य क्षेत्रमा बजेट पठाएको हुन्छ । प्रदेश सरकारसंग पनि पर्याप्त बजेट र कार्यक्रमहरु छन् । त्यो पनि नभए स्थानीय सरकारको रुपमा गाउँपालिका आफैं सक्रिय हुन्छ । तर, सबै तहको सरकारबाट स्वास्थ्य जस्तो संवेदनशील विषयमा ध्यान नदिनु बिडम्बना हो ।

मनहरी गाउँपालिकाका बासिन्दाहरु अस्पतालमा औषधि नपाएपछि निजी मेडिकलबाट औषधि किनेर खान बाध्य भएका छन् । संघीय सरकारबाट आएको बजेट सकिए पनि गाउँपालिकाबाट औषधि खरिद गर्नुपर्नेमा आन्तरिक कारण देखाएर औषधि खरिदको टेण्डर निकाल्न नसकेको गाउँपालिकाकै कर्मचारी बताउँछन् । अस्पतालले सेवाग्राहीहरुको चापको आधारमा कति औषधि बाँकी छ ? मौज्दात औषधिले कति दिन पुग्छ ? आर्थिक वर्षभित्रमा अब कति औषधि चाहिन्छ ? भन्ने विषयमा बेलैमा गाउँपालिकालाई जानकारी गराउनुपर्दछ । अस्पतालले दिएको रिपोर्टको आधारमा गाउँपालिकाले औषधि व्यवस्थापनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्छ ।

मनहरी अस्पतालमा मात्रै नभएर वडाहरुमा भएका स्वास्थ्य संस्थामा पनि औषधि अभाव भएको पाइएको छ । हेटौंडा बजारबाट टाढा रहेको र आर्थिक दृष्टिकोणले पनि पछाडि परेको क्षेत्र भएका हुनाले त्यस भेगमा निःशुल्क औषधिको व्यवस्थापन हुनुपर्छ । मकवानपुर जिल्ला त्यसमाथि सोही क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित बिरोध खतिवडा हाल देशकै स्वास्थ्यमन्त्री छन् । स्वास्थ्यमन्त्रीकै क्षेत्रमा औषधि अभाव भएको समाचार आउँदा सबै मकवानपुरबासी लज्जित हुनुपरेको छ । त्यसैले सरकारले जनताको लागि ल्याएको निःशुल्क औषधि कार्यक्रमलाई प्रभावकारी बनाएर जनताले महशुस गर्न सक्ने गरी सेवा प्रदान गर्न आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्छ । सबै अस्पतालहरुमा वितरण गरिने निःशुल्क औषधि तत्काल व्यवस्थापन गर्न सम्बन्धित निकाय लाग्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख १० गते शनिबार २३ अप्रिल २०२२ । वैशाख कृष्ण सप्तमी । चौलाथ्व सप्तमी ११४२ । अन्तर्राष्ट्रिय पुस्तक दिवस/प्रतिलिपी अधिकार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नयाँ काम गर्न जागर आउनेछ | **तुला** | : मन प्रशन्न हुने देखिन्छ |
| **वृष** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ | **वृश्चिक** | : पढाइमा सहयोग मिल्नेछ |
| **मिथुन** | : रिसाउने बानीले हानि पुग्नेछ | **धनु** | : यात्रामा कष्ट मिल्नेछ |
| **कर्कट** | : सामाजिक काममा रुचि बढ्नेछ | **मकर** | : त्रासमय दिन हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : खानपिन राम्रो हुनेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : आत्म-विश्वास बढ्नेछ |

# एसईई परीक्षार्थी २०७८ लाई उच्च सफलताको शुभकामना



रमेशप्रसाद लामिछाने, हेटौंडा

१. वि.सं. १९९० सालबाट प्रारम्भ भएको एसएलसीको इतिहासमा २०७६ र २०७७ सालका २ वटा परीक्षाहरु कोरोना महामारीका कारणले हुन सकेनन् । गएका दुबै वर्षहरुमा परीक्षा नियन्त्रण कार्यालयले भिन्न कार्यविधि बनाएर उक्त कक्षाका विद्यार्थीहरुको मूल्यांकन गर्न सबै विद्यालयहरुलाई निर्देश गरे बमोजिम विधि पूरा गरी कक्षा प्रमोशनको काम सम्पन्न गरिएका थिए । यद्यपि कोरोनाकालको बीना परीक्षाको प्रमाणपत्र लिनुपरेकाले कतिपय विद्यार्थीहरुले खिन्नता महसुस गरेका चर्चा बाहिर आएकै हुन् । त्यस्तो पीडाका क्षणहरु कहिल्यै नपरोस र निर्वाध रुपमा परीक्षा लिनेदिने वातावरणको हामी कामना गर्दछौं । यस वर्षको एसईई परीक्षा मिति २०७९साल वैशाख ९गते शुक्रवार बिहान ८ बजेबाट सञ्चालन हुँदैछ । तत्कालिन एसएलसी फलामे ढोका भनेर बुझिन्थ्यो । त्यत्तिबेला यो विद्यालयतहको अन्तिम परीक्षा थियो भने हाल ऐनकानुनले कक्षा १२ सम्म विद्यालयतहको शिक्षा भनेपछि पछिल्ला वर्षहरुमा यो हाउगुजी हराउँदै गएको छ । नतिजा डिभिजनमा, विषयगत अंकको आधारमा हुन्थ्यो भने उक्त अंक अहिले ग्रेडमा बदलिएको छ । यो अर्को परिवर्तन भन्नुपर्छ ।

२. यसबर्षको एसईई परीक्षामा नियमित परीक्षाथी ५,१४७,६० जना सहभागी हुने भनिएको छ । जबकि अहिले कक्षा १० मा हुने विद्यार्थीहरु २०६९ सालमा कक्षा १ मा भर्ना भएका थिए । त्यत्तिबेला कक्षा १ मा ११,३६,४३३ जना विद्यार्थीहरु भर्ना भएको भनिएको छ । यसरी हेर्दा ६,२१,६७३ जना विद्यार्थीहरु हर एका देखिन्छन् । यो ड्रपआउटको कहालीलाग्दो संख्या हो । यस्तो शैक्षिक अवस्थालाई गम्भिर भन्नै पर्दछ । यदि यो तथ्याङ्क सहि हो, भने ड्रपआउट हुने विद्यार्थीको अवस्था डरलाग्दो छ र शिक्षा मन्त्रालय लगायत सम्वद्ध पक्षहरुले गम्भीर बनेर नयाँ योजना बनाउनै पर्छ । पढाई छोड्नुपर्ने कारण के हो ? र सोको उपाय उपचार कसरी गर्ने भन्ने तथ्याङ्क कार्यक्रमे तर्फ नसोचिनु दुर्भाग्य नै हो । यो तथ्याङ्कमा पूर्ण विश्वस्त हुने आधार कमजोर भएपनि हाम्रा विद्यालयमा विद्यार्थी ड्रपआउट उल्लेख्य भएको तथ्य स्वीकार्नै पर्छ । यस विषयमा अब स्थानीय तहका सरकार अनि सरोकारवाला सबैको गम्भीर ध्यानाकर्षण भै हल हुनेछ भने अपेक्षा गरिएको छ ।

३. नाम जे भनिए पनि यो कक्षा १० को अन्तिममा लिइने परीक्षाले भिन्न महत्व राख्छ । हुन त विद्यालय तहको अन्तिम परीक्षा अहिले कक्षा १२ मा हुने भनिए पनि एसईईको नतिजाले विद्यार्थीको भविष्य हिजो जस्तो निर्धारण गर्दछ आजपनि उस्तै छ । मेडिकल साइन्स, इन्जिनियरिङ, कृषि वन विज्ञान तथा प्रबिधिका क्षेत्रमा प्रवेश गर्न कक्षा ११/१२ मा विज्ञान नै पढ्नुपर्ने र सोका लागि एसईईमा ए प्लस वा ए ग्रेड ल्याउने विद्यार्थीले नै अवसर पाउँछन् ।

एसईईमा मध्यम नतिजा बी प्लस वा बी वा सी प्लस वा सी ग्रेड ल्याउनेहरु वाणिज्य, शिक्षा तथा मानविकी विषय रोज्ने गर्दछन् । यी शैक्षिक परम्पराले एसईईले एसईईकै आधारमा अगाडिको शैक्षिक यात्रा तय हुने तथ्य स्पष्ट गरेको छ । दशबर्षको मेहनतको परिणामले लाखौं युवाको भविष्य निर्धारण हुने यो परीक्षाले परम्परागत महत्व बोकेको छ नै । सँगै जसरी पनि पास गर्ने विगतको दरिद्र मानसिकताले परीक्षामा गरिने अनैतिक र अमर्यादित हर्कतलाई भने ग्रेडिङ सिष्टमको नतिजाले थोरै भएपनि चुनौती दिएकै छ ।

४. बिना क्षमता, योग्यता, दक्षता र सीपको प्रमाणपत्र स्वयम् विद्यार्थीलाई बोझ हुने सत्य अब छर्लङ्ग छ । पढेर, सिकेर, जान्ने भएर अर्थात् तोकिएको सिकाई उपलब्धि हासिल गरेर प्राप्त प्रमाणपत्र महत्वपूर्ण सम्पत्ति हो भन्ने कुरा आजका विद्यार्थीले बुझेका छन् । परीक्षामा देखिने हुने गलत हर्कतहरु न्यून हुँदै गएकाले सरोकारवर्गमा जागरण र ज्ञान थपिएको स्पष्ट छ । मूल्याङ्कन उपयुक्त भएमात्र व्यक्तिको योग्यता, दक्षता र क्षमताको सही चित्र अगाडि आउँछ ।

परीक्षा नै हाम्रो विद्यार्थी मूल्याङ्कनको मूल आधार भएकाले सम्बन्धित विद्यार्थी नै सर्वप्रथम सजग, गम्भीर, जागरुक र अनुशासित बन्नैपर्छ । अभिभावकले आफ्ना सन्तानको क्षमता अभिबृद्धि भएको चाहनुपर्छ, ता कि उसले बोकेको सर्टिफिकेट मात्र । विद्यार्थीलाई उसको सर्टिफिकेटले स्वयम् गिज्याउने अवस्थाको अन्त्य हामी सबैको अपेक्षा हो ।

५. विद्यार्थीको नतिजासँग प्रत्यक्ष जोडिने शिक्षक वर्गलाई सबैभन्दा जिम्मेवार मानिएको छ । नतिजा बाहिर आउनुसँगै सम्बन्धित स्कूल र शिक्षकको चर्चा पहिले सुरु हुन्छ । विद्यार्थीले प्राप्त गरेको ग्रेड तथा जीपीएसँग त्यो तहको सिकाई उपलब्धि र सीप उसँग छ वा छैन त्यो सधैं गौण बन्ने गरेको छ, त्यो हाम्रो शिक्षाको एउटा कलंक नै हो । प्रयोगात्मक अभ्यासबिना नै तोकिएको प्रयोगात्मक पूर्णाङ्क दिने हाम्रा शिक्षकहरु जब सैद्धान्तिक अंक ग्रेड देखेर गम्भीर नहुनु अर्को समस्या हो ।

गणितबाहेक सबै अनिवार्य विषयमा २५ अंक प्रयोगात्मक तोकिएको छ र विद्यार्थीलाई प्राय: पूर्णाङ्क २५ नै दिइने र उता ७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षामा भने बीस भन्दा कम आउने अझ ५ अंकमात्र ल्याउनेले पनि दुबै जोड्दा ३० हुने जुन ग्रेडमा डी प्लस अर्थात कक्षा ११ मा प्रवेश पाउने यो अवस्था स्वयम् विचारणीय भइकाले नै यस वर्षबाट सैद्धान्तिकमा ३५ ल्याउनै पर्ने र ग्रेडिङ्ग विधि पनि फेरबदल गरी ९बाट घटाएर ८ वटा कायम गरिएको छ । अब डी प्लस हुँदैन ।

६. परीक्षाको मर्यादा र स्तरीयतामा कतै कमजोर बन्नु बनाइनु पटक्कै हुँदैन । यो परीक्षाले विद्यार्थीको यथार्थ क्षमता देखाउनुपर्छ । यसमा विद्यार्थी, शिक्षक र अभिभावक एवम् शैक्षिक प्रशासन सबैको प्रत्यक्ष सहयोग हुनैपर्छ । उहि प्रश्न, उहि परीक्षा तर परीक्षामा हुने गलत हर्कतले भोलि विद्यार्थीको भविष्य अन्धकार हुन सक्छ भन्ने तर्फ जिम्मेवार सबै सजग र सतर्क हुनैपर्छ । नयाँ विद्यालय, नयाँ शिक्षक र नयाँ वातावरणमा परीक्षा दिन जाने विद्यार्थी मानसिकरुपले तयार रहनुपर्छ । कुनैपनि त्रास र भय बोकेर परीक्षा हलमा जानु हुँदैन । निर्धक्कसँग उच्च मनोबलका साथ विद्यार्थीले परीक्षा दिनुपर्छ । हतारिने वा आतिने गर्नु हुँदैन । परीक्षार्थीले परीक्षा केन्द्रमा जाँदा आवश्यक सामग्री प्रवेशपत्र लगायतको कुरा भुल्नु हुँदैन । निषेध गरिएका बस्तु बोक्नु हुँदैन । यो बारेमा शिक्षक तथा अभिभावकले स्मरण गराउनुपर्छ । समयको राम्रो बाँडफाँड गरेर परीक्षा हलमा प्रवेश गर्नु विद्यार्थीको दायित्व हो ।

७. तोकिएको समयमा प्रश्नपत्रमा उल्लेख प्रश्न र तिनको पूर्णाङ्कलाई वैज्ञानिक बाँडफाँड गरेर लेख्न सुरु गर्नु राम्रो हुन्छ र प्रश्नलाई हतारमा हैन, राम्रोसँग बुझेर प्रश्नले खोजेको जवाफमात्र लेख्नु पर्दछ ।

पाँच अंकको प्रश्नमा पेजभरी जवाफ लेख्ने अनि दश अंकको प्रश्नमा भने आधा प्यारामाफमात्र लेख्ने अर्थात् आउनेको धेरै, नआउनेको न्यून जवाफ लेख्ने बानि धेरै विद्यार्थीमा पाइन्छ, जुन राम्रो होइन ।

नजिकका साथीहरुको नक्कलको प्रयत्न गर्दा एउटा प्रश्नको जवाफ अर्कोसँग हतारमा सारिने भएकाले झनै बिग्रन्छ तसर्थ त्यस्तो चीट, कापी, किताब वा अर्काको चोर्ने जस्ता गलत कार्यले जानेको पनि बिग्रन्छ र समय खेर गइरहेको हुन्छ । यस्ता धेरै पक्षहरु कक्षा कोठामा शिक्षकले सम्झाएर पठाएको सुझावलाई पालना गर्नु राम्रो हुन्छ ।


८. अन्तमा, यो बर्षको एसईई परीक्षामा सबै परीक्षार्थीले उच्च ग्रेड हासिल गर्न सफलता मिलोस् भन्ने अपेक्षा गरिएको छ । देशको लगानी, अभिभावकको लगानी, विद्यार्थीको भविष्य र शिक्षकको प्रतिष्ठा जोडिएको यो परीक्षा मर्यादित र स्वच्छ वातावरणमा सम्पन्न होस् र सम्बन्धित अभिभावकका आफ्ना सन्तानप्रतिको सपना साकार बनोस् भन्ने कामना गर्दछौं । प्रश्नमा प्रश्न उठ्नु हुँदैन ।

परीक्षाको परीक्षा हुनु हुँदैन । विद्यार्थी र शिक्षकले आफ्नो मर्यादा र जिम्मेवारी भुल्नु हुँदैन । यो परीक्षालाई राष्ट्रिय पर्वको रुपमा व्यवस्थित ढंगले सम्पन्न गर्न शिक्षा प्रशासनले कुनैपनि कसर बाँकी राख्नु हुँदैन । अनुगमन र मूल्याङ्कन आलोच्य नबनुन भन्दै भोलिका राष्ट्रिय कर्णधारहरुको सपना साकार नै हाम्रो अपेक्षा हो ।

# जहानियाँवादले निल्दैछ लोकतन्त्र



कुलचन्द्र वाग्ले




" बहुदलीय व्यवस्थामा दलीय अनुशासनलाई अनपेक्षित तानाशाही तहमा पुर्याइएको अनुभूति यहाँ भएको छ । बहुदलीय व्यवस्थामा दलगत अनुशासन हुने नै हो । "

'लोकतन्त्र'लाई उत्कृष्ट शासन व्यवस्था भनिन्छ । बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले आफ्नो समयमा भनेका थिए रे- 'प्रजातन्त्रमा कमजोरी त छ तर यसभन्दा राम्रो व्यवस्था दुनियाँमा अर्को छैन । त्यही कारण म प्रजातन्त्रको समर्थक भएको हुँ' । प्रजातन्त्रलाई किन उत्कृष्ट वा राम्रो भनियो त ?

अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनले- 'जनताले, जनताको लागि, जनताद्वारा गरिने' शासन व्यवस्थालाई प्रजातन्त्र भने । यही कारण प्रजातन्त्र जनताको लागि उत्कृष्ट ठहर भयो र स्वीकार्य बन्यो । प्रजातन्त्र वा लोकतान्त्रिक प्रणालीको पक्षमा यसभन्दा सार्थक भनाइ अरु के हुनसक्छ र ? तर प्रणाली वा व्यवस्था आफैं राम्रो हुने त होइन । अर्को भनाइ लिऊँ- भारतीय संविधान निर्माणका संयोजक भीमराव अम्बेडकरको ।

उनले भनेका छन्- 'संविधान आफैंमा राम्रो नराम्रो हुने होइन, त्यसका सञ्चालक वा प्रयोगकर्ता सत्ताधारीको भूमिकाले संविधानलाई राम्रो, नराम्रो बनाउने हो' । कुनै पनि भनाइ शतप्रतिशत सही मान्न नसकिएला । जस्तै चर्चिलले भने नि प्रजातन्त्रमा कमजोरी छ तर योभन्दा अर्को राम्रो प्रणाली दुनियाँमा छैन । अर्थात् उनले कमजोरी पनि स्वीकार गरे, श्रेष्ठता पनि उद्घाटित गरे । अर्थात् कमजोरी र श्रेष्ठता सँगैसाथै छन् ।

यही कारण, यस्ता भनाइको पनि समीक्षा हुनसक्छ, हुनुपर्छ । कुनै संविधानमा आधारभूतरुपमै अधिनायवादी र तानाशाही प्रावधान समाविष्ट छन् भने स्वाभाविक हुन्छ शासक त्यहीरुपमा सञ्चालित हुन प्रेरित हुन्छ र वैधानिकताका लागि त्यसैको उदाहरण दिन तत्पर हुने नै छ । यसकारण संविधान स्वयं पनि लोकतन्त्र निर्दिष्ट गर्ने प्रकारको हुन अनिवार्य छ । तर, संविधानले लोकतन्त्र निर्देश गरे पनि व्यवस्थापक नेताले अन्यथा गर्न खोजे त्यो संविधानको दुरुपयोग मजैले गर्नसक्दा रहेछन् । नेपालको विगत राजतन्त्र र यहुदी समुदायका संहारक जर्मनीका हिटलर यसको उदाहरण हुनसक्छन् वा दुनियाँका अरु तानाशाह पनि । यसको अर्थ संविधान पनि लोकतान्त्रिक र सत्ता सञ्चालक पनि चरित्र र प्रवृत्तिले लोकतान्त्रिक हुनुपर्छ भन्ने हो ।

व्यवस्था लोकतान्त्रिक भएरमात्र पुग्ने त होइन रहेछ । त्यसो हुन्थ्यो भने अहिले नेपालमा प्रणालीसँग नागरिकको कुनै गुनासो हुनु नपर्ने । यस्तो लेख्दा एउटा प्रश्न आउँछ- गुनासो लोकतन्त्रसँग हो कि राजनीति सञ्चालकको प्रवृत्तिसँग ? दुर्भाग्य यहाँका नागरिकको गुनासोलाई प्रवृत्तितिर होइन प्रणालीतर्फ मोड्न खोजिएको छ । यस्तो अवसर अहिलेको प्रणाली सञ्चालकहरुको स्वार्थी, अनैतिक र परिवारवादी कार्यशैलीले उत्पन्न गरेको हो ।

यसैलाई पूरापन्थीहरुले लोकतन्त्रविरुद्ध प्रयोग गर्न खोजेका छन् । थप, यही कारण संविधान र संविधान प्रयोगकर्ता राज्य सञ्चालक पनि प्रवृत्ति, प्रावधान र चरित्रले सुविचारित वा प्रजातान्त्रिक हुन अनिवार्य छ भन्ने देखिन्छ । यही पृष्ठभूमिमा अहिलेको नेपालको राजनीतिक प्रक्रियाको समीक्षा गरिनु उपयुक्त हुनेछ । यस्ता आधारमा समीक्षा गर्दा नेपालको राजनीतिमा देखिएको चरित्र र प्रवृत्ति सकारात्मक छैन ।

किनभने नेपालको लोकतन्त्रमा परिवार वा जहानवाद व्याप्त बनाइएकाले सोचेको र जनअपेक्षाभन्दा प्रतिकूल बाटोमा लोकतन्त्रलाई हिँडाइएको छ । लोकतन्त्र परिवारवाद होइन र न जहानिया सत्ता नै । हो त जनवाद । यहाँ परिवारवाद कसले बढी प्रयोग गरे ? जसले 'जनवाद'को नारा धेरै उराले र उराल्दै छन्, तिनैले गर्दैछन् परिवारवादी जहानियाँ राजनीति । बहुदलीय व्यवस्थामा दलीय अनुशासनलाई अनपेक्षित तानाशाही तहमा पुर्याइएको अनुभूति यहाँ भएको छ । बहुदलीय व्यवस्थामा दलगत अनुशासन हुने नै हो । दलगत अनुशासनको उदाहरण अरु दिनुपर्दैन अहिलेको गठबन्धन नै पर्याप्त हुन्छ र त्यो गठबन्धन यतिबेला गलत संकेत दिँदैछ । कारण बढी पारिवारिक अवसरमा राजनीति र गठबन्धनलाई केन्द्रित गरिएको छ ।

जस्तै स्थानीय तहको चुनाव सन्निकट छ । सरकारी सत्तामा आसीन पाँच दल बीचको गठजोडले स्थानीय तहको उम्मेदवार र सिट बाँडफाँटको लागि गरिएको सम्झौतासहित अहिले तिनले आआफ्ना कार्यकर्तालाई दिएको निर्देशनात्मक सर्कुलर नै दलीय तानाशाहीको पर्याप्त उदाहरण हो । सैद्धान्तिक निष्ठाको पर्याय भएसम्म गठबन्धन स्वीकार्य हुनुपर्ने । त्यस्तै जनताकै पक्षमा भए त्यो पनि स्वीकार्य हुने नै हो ।

तर, अहिलेको गठबन्धन के वा कसको पक्षमा ? सिद्धान्त कि जनताको ? दुवैको पक्षमा न्यून, बढी सत्ताधारी नेता वा तिनको दल र जहान परिवारको पक्षमा देखिएको छ । गठबन्धनका शीर्ष नेता तथा प्रधानमन्त्री नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई आफू र आफ्नाका लागि गठबन्धन चाहिएको छ । उनको कार्यशैली र छनोटले प्रस्टै देखाएको छ । गठबन्धनका अर्का रचनाकार पुष्पकमल दाहाललाई आफू र आफ्ना परिवारका सदस्यलाई अवसर जुटाउन गठबन्धन चाहिएको देखिएको छ ।

यही गठजोडमा टाँसिएका अरु दललाई अस्तित्व बचाउन गठबन्धन आवश्यक छ । अस्तित्व बाँचे नै आफ्नालाई दिन पाइन्छ । बचेखुचेको मौका अहिले पनि दिने आफ्ना र झोलेमोलेलाई नै हो, देखिसकियो । परिवारको सदस्य, आफन्त र झोलेमोले तीमध्ये धेरै त पैसावाल पनि हुन्छन्, तिनैलाई मौका दिने र आफूले आर्थिक आयमा चौका हान्ने रहस्यले गरिने गठबन्धन जनता, योगदान दिएका कार्यकर्ता र सक्षमहरुलाई के काम, के उपादेयता ? यो कुनै आरोप होइन । हालै सिफारिस गरिएका राजदूतहरुमा नेताका आफन्त र भाइबुहारीहरुको नाता सम्बन्धको नामावली सम्झिए पुग्छ । अरु सक्षम वा योग्य थिएनन् ? नेताहरुको नाता नै सक्षम ? नाता र परिवारका सदस्यलाई राज्यसंयन्त्रमा अधिक अवसर दिने को छन् ? जसले सर्वहारा र जनवादको गफ गर्छन् तिनै कम्युनिस्टहरु छन् ।

उदाहरण दिऊँ ? नेकपा (माओवादी केन्द्र)का अध्यक्षदेखि दोस्रो तहका नेतासम्मका आफन्त प्राय: सबै राज्ययन्त्रका सुविधामा आसीन छन् वा थिए । अध्यक्ष पुष्पकमल दाहलाका एक दर्जन आफन्त राज्यस्रोतमा हालीमुहाली गर्न आसीन बनाइएका छन् । हालैका उदाहरण हुन् भाइ नारायण दाहाल, छोरी रेणु दाहाल र कास्कीतिरकी त्रिपाठी थरकी बुहारी । बुहारी प्रस्तावित हुन् । अरुको फेहरिस्त सबैलाई यसअघि नै थाहा भइसकेको छ ।

नेता वर्षमान पुनकी पत्नी, चर्को क्रान्तिकारी गफ हाक्ने देव गुरुङकी पत्नी वा यस्तै सर्वहारा क्रान्तिकारी लीलामणि पोखरेलकी आफ्नी कहाँ कहाँ छन्, थिए ? सज्जन देखिने दीनानाथ शर्माका नातेदार कहाँ ? कति उदाहरण चाहियो ? माओवादीले जति परिवारिक जहानियाँ राजनीति र अवसरको प्रयोग, दुरुपयोग वा शोषण अरु दलले गरेको देखिँदैन ।

यो पारिवारिक अर्थात् जहानियाँ प्रवृत्तिले लोकतन्त्रलाई बदनाम गर्दै छ, निल्दै छ । यसमा सबैभन्दा दोषी माओवादी केन्द्र र यसका अध्यक्ष पुष्पकमल दाहाल देखिएका छन् । भाषणमा र गफमा लोकतन्त्र र संविधानको प्रावधान रक्षा गर्न गठबन्धन वा राजनीति गरेको नारा दिने माओवादी र टाँसिएका अन्य दलसमेत अब सचेत भए हुन्छ- परिवारवाद, जहानियाँ स्वार्थ र आफन्त वा झोलेमोले (पैसावाला)वादी घृणित राजनीतिले लोकतन्त्र निल्दैछ । सँगै तिमीहरु पनि निलिने छौ कि ? अर्को कम्युनिस्ट पार्टी नेकपा (एमाले)को के कुरा गर्नु ? विगतमा ५७ दिन संसद् अवरुद्ध पारेर तत्कालीन राजालाई मनपरी गर्न दुरुत्साहित गरेकै थियो । अहिले पाँच महिनादेखि संसदीय लोकतन्त्रको आधारस्तम्भ संसद्लाई पुन: अवरुद्ध गरेर लोकतन्त्रको प्रतिकूल र जहानियाँ सत्ता प्रतिस्थापन अनुकूल कर्म गरेको प्रस्टै छ ।

एमालेले गरेको गठबन्धनले पनि यही बुझाएको छ । लोकतन्त्र जोगाउँछौं भन्ने सत्ता गठबन्धनको पारिवारिक जहानियाँवादले पनि लोकतन्त्र निल्दैछ । हेर्दै जाऊँ । हुनत, सबैमा जानकारी नै छ कि ? -साभार: बाह्रखरी

# नयाँ एडभेन्चर सो ल्याउदै अनुप र सौगात

काठमाडौं/पछिल्लो समय नेपालमा थुप्रै रियालटी सोहरू निर्माण भएका छन् । यस्ता सोका सञ्चालनमा विभिन्न कलाकर्मी समेत देखिएका छन् । यस्तैमा अभिनेता अनुप विक्रम शाहीले पनि एक एडभेन्चर सोको होस्ट गर्ने भएका छन् । उनले होस्ट गर्न लागेको सोको निर्देशक सौगातमान सिंह बस्नेत रहेका छन् ।



विभिन्न पर्यटन सम्बन्धि यात्रा गराउने उद्देश्य रहेको सो देश तथा विदेशमा समेत प्रस्तुत गर्ने उद्देश्यले अंग्रेजी र नेपाली दुवै भाषामा निर्माण हुनेछ । पहिलो चरणमा सोको ५ भाग निर्माण हुनेछ । यी भागमा 'आइल्यान्ड पिक', 'हुम्ला', 'मनाङ एण्ड मुस्ताङ (बाइक राइड)', 'रोयल ट्रिप वीथ माउन्टेन लाइट', 'दुर्गम क्षेत्रको लोकेसन प्रमोट'का विषय समेटिने सोका निर्देशक सौगातमान सिंह बस्नेतले बताए । स्टुडियो क्यो र ब्रान्डल्यान्डसरको सहकार्यमा ट्रेकिङ टिमको प्रस्तुति रहेको सोको नाम छिट्टै एक औपचारीक कार्यक्रम मार्फत गर्ने बताइएको छ । करिब तीन दशकदेखि ट्रेकिङ र प्रर्यटन क्षेत्रमा काम गर्दै आएको ट्रेकिङ टिम कम्पनीले नेपाल, तिब्बत र भुटानमा ट्रेकिङ, माउन्टेन क्लाइम्बिङ, मोटरबाइकिङ, माउन्टेन बाइकिङका साथै थुप्रै एडभेन्चर स्पोर्ट्सहरु खेलाउदै आएको ट्रेकिङ टिमका सिइयो प्रवेश देवकोटाले बताए । सोका लागि टेलिभिजन समेत फिक्स गर्ने तरखरमा आफु रहेको निर्देशक सौगातले बताए । 'सोमा थुप्रै पिकहरु चढ्ने र अन्तिम भागमा सगर माथासम्मको आरोहण गराउने उद्देश्य हाम्रो रहेको छ' सौगातले थपे 'इन्टरनेसनल टुरको कल्चर सोको समेत प्लानिङ भइरहेको छ ।' -साभार: इकागज

## १ करोड १९ लाख मतपत्र छापियो

काठमाडौं/निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि १ करोड १९ लाख मतपत्र छापिइसकिएको जानकारी दिएको छ । बिहीबारसम्म ५३ जिल्लाका लागि उक्त संख्यामा मतपत्र छापिइसकिएको आयोगले जनाएको हो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले पत्रकार सम्मेलन गर्दै मतपत्र छपाइबारे जानकारी दिएका हुन् । उनले भने, '५३ जिल्लाका लागि १ करोड १९ लाख मतपत्र छापिइसकेको छ ।'

आयोगले वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनका लागि मतपत्र छपाइको काम भइरहेको छ । निर्वाचन आयोगले जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छपाइ गरिरहेको छ ।

सुरुमा दुर्गमका जिल्लाका लागि र पछि सुगमका जिल्लाका लागि मतपत्र छपाइको काम भइरहेको हो । दुर्गमका लागि छापिएका मतपत्र सुरक्षासहित सुरुमा नै ढुवानी गर्नुपर्ने भएकाले सुरुमा छापिएको आयोगले जनाएको छ ।

आयोगले स्थानीय तह निर्वाचनका लागि १ करोड ९४ लाख थान मतपत्र छाप्ने तयारी गरेको छ । यसपटक स्थानीय तहमा मतदाता संख्या १ करोड ७७ लाख ३३ हजार ७२३ रहेको छ ।

-साभार: इकान्तिपुर

# टेन ह्याग युनाइटेडको मुख्य प्रशिक्षक नियुक्त



एजेन्सी - इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले आधिकारिक रुपमा क्लबको मुख्य प्रशिक्षकमा डच क्लब आयाक्सका एरिक टेन ह्यागलाई नियुक्त गरेको छ ।

युनाइटेडले ३ वर्षको लागि डच टेन ह्यागलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको जनाएको छ । ह्यागले यो सिजनको अन्त्यसँगै आयाक्स छाडेर युनाइटेड आउने छन् । टेन ह्याग सन् २०१३ मा सर एलेक्स फर्गुसनले क्लब छाडेपछिको पाँचौं स्थायी प्रशिक्षक बनेका छन् । ओल्ड टाफोर्डमा ५२ वर्षीय टेन ह्यागको सहायकमा मिचेल भान डर गाग पनि सामेल हुनेछन् ।

फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) का माउरीसियो पोचेटिनोभन्दा अघि नै टेन ह्यागसँगको अन्तर्वार्ता आएपछि उनको ओल्ड ट्राफोर्ड आगमन अपेक्षित बनेको थियो । युनाइटेडले बिहीबार विज्ञप्ति जारी गर्दै यो खबरको पुष्टि गरेको हो ।

क्लबमा आबद्ध भएसँगै टेन ह्यागले म्यानचेस्टर युनाइटेडको प्रशिक्षकमा नियुक्ती पाउनु ठुलो सम्मानको कुरा रहेको र अगाडिको चुनौतीबाट निकै उत्साहित रहेको बताएका छन् । टेन ह्यागले विगतको चार वर्षको अवधिमा आयाक्समा रहँदा आफुलाई युरोपको सबैभन्दा रोमाञ्चक र सफल प्रशिक्षकको रुपमा प्रमाणित गरिसकेका छन् । उनी आफ्नो टोलीको आकर्षक, आक्रमणकारी फुटबल र युवाप्रतिप्रतिबद्धताका लागि प्रख्यात छन् । क्लबले युनाइटेडलाई हामीले प्रतिस्पर्धा गर्न चाहेको स्तरमा फर्काउन उहाँको दीर्घकालीन दृष्टिकोण र त्यो हासिल गर्ने दृढ संकल्पबाट प्रभावित भएकाले अनुबन्धित गरिएको जनाएको छ । 'हामी एरिकलाई आयाक्समा सिजनको सफल अन्त्य हासिल गर्न ध्यान केन्द्रित गर्ने र यो समरमा म्यानचेस्टर युनाइटेडमा उनलाई स्वागत गर्न तत्पर रहेको र सफलताको कामना गर्दछौं' विज्ञप्तिमा उल्लेख छ ।

गत नोभेम्बरमा ओले गनर सोल्सायरलाई बर्खास्ती गरेपछि राल्फ राङ्गनिकले अन्तरिम प्रशिक्षकको रुपमा युनाइटेडको प्रशिक्षण भार सम्हालिरहेका छन् । राल्फको प्रशिक्षणमा पनि युनाइटेडले सोचेअनुरुपको प्रदर्शन गर्न सकेका छैनन् । आयाक्सलाई दुई लिग र डच कपको उपाधि जिताएका टेन ह्यागलाई अर्को ठुलो निराशजनक अभियानपछि युनाइटेडमा पाँच वर्षको ट्रफी जिताउने जिम्मेवारी दिइनेछ ।

टेन ह्यागको आयाक्स गत साता डच कपको फाइनलमा पिएसभी इन्डोभेनसँग २-१ ले पराजित भएको थियो । डच लिगमा पनि आयाक्स पिएसभीभन्दा ४ अंकले पछि छ । डच लिगमा ७ खेल बाँकी छ । यो सिजन कमजोर प्रदर्शन गरेको युनाइटेड प्रिमियर लिगमा ३३ खेलबाट ५४ अंक जोडेर छैटौं स्थानमा रहेको छ ।

# मूल्यवृद्धि र भुक्तानी रोक्काको विरोधमा 'कन्स्ट्रक्सन होलिडे'को तयारीमा निर्माण व्यवसायी

काठमाडौं/निर्माण सामग्रीमा भइरहेको मूल्यवृद्धि र भुक्तानी रोक्काको विरोध गर्दै आगामी आइतबारदेखि निर्माण व्यवसायीहरूले 'कन्स्ट्रक्सन होलिडे' गर्ने भएका छन् ।



नेपाल निर्माण व्यवसायी महासंघको नेतृत्वमा व्यवसायीहरूले देशव्यापी रूपमा 'कन्स्ट्रक्सन होलिडे' गर्ने भएका हुन् ।

महासंघका अध्यक्ष रवि सिंहले आइतबारदेखि देशव्यापी रूपमा अत्यावश्यक बाहेकका आयोजनाको काम पूर्ण रूपमा रोकिने जानकारी दिए । 'मूल्यवृद्धि, काम सम्पन्न भएका आयोजनाको भुक्तानी र सरकारका अन्य नीतिगत व्यवस्थाको विरोध गर्दै हामी 'कन्स्ट्रक्सन होलिडे' गर्न लागेका हौं,' उनले भने, 'सरकारले हाम्रो माग सम्बोधन नगरेमा अनिश्चितकालीन रूपमा निर्माण कार्य रोक्छौं ।'

विश्वव्यापी कोरोना महामारीले बढाइरहेको निर्माण सामग्रीको मूल्य रुस-युक्रेन युद्धले झनै उकालो लागेको छ । यससँगै, ८० रुपैयाँ प्रतिकिलो पर्ने डण्डीको मूल्य १३५ रुपैयाँ पुगेको छ । यस्तै, प्रतिलिटर ५२ रुपैयाँको बिटुमिन ११५ रुपैयाँ पुगेको छ भने प्रतिलिटर ८५ रुपैयाँको डिजेल १४८ रुपैयाँ पुगेको छ ।

'आयोजनाका ठेक्का निर्माण सामग्रीको भाउ सस्तो हुँदा लागेको थियो,' सिंहले भने, 'आयोजनाको ठेक्का लिँदा आधा कममा पाइने निर्माण सामग्री मूल्य अहिले करिब-करिब दोब्बर भएको छ ।' बढेको मूल्यलाई सरकारले तत्काल समायोजन गरेर आयोजनाको काम अघि बढाउनुपर्ने व्यवसायीको माग छ ।

सरकारले बढेको मूल्यलाई समायोजन गर्न नसकेमा आयोजनाका काम तत्काललाई रोकिने बताइएको छ । 'सरकारले कि काम अघि बढाऊ, निर्माण सामग्रीमा बढेको मूल्य समायोजन गर्छौं भन्नुपर्छ,' सिंह भन्छन्, 'अन्यथा, अहिले काम रोक । मूल्य घटेपछि आयोजनाको काम अघि बढाउनु भन्नुपर्छ ।' यी दुईमध्ये कुनै पनि काम नगरेमा आन्दोलन जारी रहने व्यवसायीहरूको भनाइ छ ।

मूल्यवृद्धि समायोजनसँगै सरकारले निर्माण सम्पन्न भएका आयोजनाको भुक्तानी तत्काल दिनुपर्ने व्यवसायीहरूको माग छ । तिनका अनुसार संघीय सरकार र ७ वटै प्रदेश सरकारबाट निर्माण व्यवसायीले ३० अर्ब रुपैयाँभन्दा बढी भुक्तानी पाउन बाँकी रहेको बताइएको छ । निर्माण सम्पन्न भएर पनि भुक्तानी नपाएपछि उनीहरुले सरकारलाई दबाब दिन लागेका हुन् ।

संघीय सरकारअन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय र सहरी विकास मन्त्रालयसहित स्थानीय तह र प्रदेश सरकारले उक्त रकम भुक्तानी दिन बाँकी रहेको बताइएको छ । भौतिक पूर्वाधार तथा यातायात सचिव रवीन्द्रनाथ शर्मा निर्माण सकिएका आयोजनाको भुक्तानी दिन बाँकी रहेको स्विकार्छन् ।

'मन्त्रालय मातहत रहेका र निर्माण सकिएका आयोजनाको ७/८ अर्ब रुपैयाँ भुक्तानी बाँकी छ,' उनले भने, 'मन्त्रालयले अर्थ मन्त्रालयमा रकमान्तर गरेर भुक्तानी दिने व्यवस्था मिलाउन पत्र लेखेका छौं । उताबाट स्वीकृत हुनासाथ भुक्तानी दिन्छौं ।' उनले निर्माण नसकिएका र सुरु नै नभएका आयोजनालाई छुट्याइएको बजेट निर्माण सकिएका आयोजनाको भुक्तानी गर्न रकमान्तर गर्न लागिएको जानकारी दिए ।

यस्तै, निर्माण व्यवसायको आन्दोलनको तयारीबारे मन्त्रालय जानकार रहेको र त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने छलफलमा रहेको बताए । 'अहिले हामी आन्तरिक छलफलमा छौं । निर्माण व्यवसायीका जायज मागलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्छौं,' उनले भने, 'नाजायज माग राखेको देखिए/भेटिएमा यी माग गलत छन् भने व्यवसायीलाई बुझाउने छौं ।' यसै गरी, सडक विभागका महानिर्देशक शिवहरि सापकोटाले निर्माण व्यवसायीहरू मूल्यवृद्धिको चपेटामा परेको स्विकार्छन् । उनका अनुसार व्यवसायीहरू मूल्यवृद्धिको चपेटामा परेको र त्यसलाई सम्बोधन गर्नतर्फ मन्त्रालयसँग विभागले छलफल गरिरहेको छ ।

त्यस्तै, आयोजनाको म्याद थपको माग पूर्ण रूपमा सम्बोधन गर्न थप छलफल गर्नुपर्ने सरकारी पक्षको भनाइ छ । 'काम गर्दागर्दै नसकिएका आयोजनाको म्याद थप्न सकिन्छ,' सचिव श्रेष्ठ भन्छन्, 'तर, काम नै नगरी फेरी म्याद थप्नुपर्ने माग राखिएको आयोजनामा छलफल गर्नुपर्छ ।' सार्वजनिक खरिद नियमावलीको ११ औं संशोधनले आयोजना प्रमुखले नै आयोजनाको म्याद थप्न सक्ने अधिकार समेत दिएको छ । सोही कारण, व्यवसायीले राखेको म्याद थपको विषय जटिल नभएको मन्त्रालयको भनाइ छ । यस अघि सरकारले २०७८ साल असोज २३ गतेदेखि चैत मसान्तसम्मलाई ५ हजारभन्दा बढी आयोजनाको म्याद थपेको थियो । सरकारले मन्त्रिपरिषद्को बैठकमार्फत ती आयोजनाको म्याद थपेको थियो । कोभिड महामारीका कारण आयोजनाको निर्माण अघि नबढेको र ती आयोजनालाई म्याद थप्नै पर्ने आकलन गर्दै सरकारले उक्त निर्णय गरेको थियो ।

६ महिनाका लागि म्याद थपिएका ५ हजारभन्दा बढी आयोजनामध्ये २ हजारभन्दा बढी आयोजनाको निर्माण अझै सकिएको छैन । सोही कारण, ती आयोजनाको म्याद तत्काल १ वर्षलाई थप्नुपर्ने महासंघको माग छ ।

### खरिद अनुगमन कार्यालय र बीमा समिति घेर्दै

निर्माण व्यवसायीहरूले आज बिहीबार र भोलि (शुक्रबार) सार्वजनिक खरिद अनुगमन कार्यालय र बीमा समिति घेराउ गर्ने भएका छन् । दुई वटै कार्यालय १/१ घन्टा घेराउ गर्न लागेको महासंघले जानकारी दिएको छ ।

खरिद अनुगमन कार्यालयमा ११ देखि १२ बजे र बीमा समितिमा १ देखि २ बजेसम्म धर्ना दिने कार्यक्रम तय गरिएको छ । अहिलेलाई दुई दिनसम्मलाई धर्नाको कार्यक्रम घोषणा गरेपनि त्यसपछि दोस्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गर्ने र 'कन्स्ट्रक्सन होलिडे' जारी राख्ने बताइएको छ ।

महासंघले सार्वजनिक खरिद नियमावलीको ११औं संशोधनको त्रुटि सच्याउन माग राख्दै कार्यालय र बीमा सम्बन्धी जारी गरिएको निर्देशिका-२०७८ लगायत प्रावधान संशोधन तथा खारेज गर्न दबाब दिँदै समिति घेराउ गर्न लागेको हो ।

*-साभार: रातोपाटी*

## ४.९४ विन्दुले सेयर बजार सकारात्मक




काठमाडौं/अघिल्लो दिन ३६ अंक बढीले घटेको सेयर बजार कारोबारको अन्तिम दिन बिहीबार सामान्य अंकले सकारात्मक रह्यो । यसदिन सेयर बजार परिसूचक नेप्से ४.९४ विन्दुले सकारात्मक बनेर २३२५.४५ विन्दुमा उक्लियो ।

यसदिन कारोबार सुरु भएको करिब तीन मिनेट बढेको नेप्से त्यसपछि ओरालो लागिरह्यो । दिउँसो २ बजेर १७ मिनेटदेखि २ बजेट ५३ मिटेनको समयमा २३३३ विन्दु पार गरेको थियो । त्यसपछि फेरि ओरालो लागेको नेप्से करिब ५ अंकले मात्रै सुधारिएको हो । यसदिन कारोबार रकममा पनि सामान्य सुधार आयो ।

२३१ कम्पनीको ३९ लाख ९१ हजार कित्ता सेयर एक अर्ब ६२ करोड रुपैयाँबराबरमा खरिद-बिक्री भएको नेपाल स्टक एक्सचेन्जले जनाएको छ ।

यसदिन १०० कम्पनीको सेयर मूल्य सामान्य बढ्दा ८६ कम्पनीको मूल्य झर्‍यो भने १० कम्पनी स्थिर रह्यो । यसदिन जालपा सामुदायिक लघुवित्त र ग्रीन भेन्चर्सको सेयर मूल्य १० प्रतिशतले बढ्यो । -साभार: बाह्रखरी

## ७५३ स्थानीय तहमा निर्वाचन कार्यालय स्थापना

काठमाडौं/निर्वाचन आयोगले ७५३ वटै स्थानीय तहमा निर्वाचन कार्यालय स्थापना गरेको छ ।

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई केन्द्रित गरेर आयोगले बिहीवार देशभरका ७५३ वटै स्थानीय तहमा निर्वाचन कार्यालय खोलेको हो ।

निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्यालले सदरमुकाम बाहेकका ठाउँमा गउँपालिका तथा नगरपालिकाको कार्यालय नजिकै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने बताए ।

निर्वाचन आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले निर्वाचन अधिकृतको कार्यालय स्थापनापछि उम्मेदवारको मनोनयनदेखि निर्वाचित भएको घोषणा समेत त्यही कार्यालयले गर्ने बताए । काठमाडौंमा राष्ट्रिय सभागृहमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ ।

आयुक्त रामप्रसद भण्डारीले निर्वाचनको सम्बन्धमा कुनै प्रकारको सुरक्षा चुनौती नभएको बताए । न्युज एजेन्सी नेपालसँगको कुराकानीमा उनले सरकारको सुरक्षा निकायले निर्वाचन सफल पार्नका लागि पूर्ण रुपमा सुरक्षाको प्रत्याभूति गराउने बताए । -साभार: अनलाईनखबर

# ग्यास आपूर्ति सहज बन्दै गएको दाबी

काठमाडौं/सरकारले ग्यास आपूर्ति सहज बन्दै गएको दाबी गरेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजारमा खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज बनिरहेको बताएको हो । बिहीबार विभागमा आयोजित पत्रकार सम्मेलनमा विभागका महानिर्देशक लिलाप्रसाद शर्माले ग्यास आपूर्ति सहज बनिरहेको बताए ।




उनले ग्यास अभावको समाचार पढेपछि अनुगमनका निस्किएको र केही व्यापारी तथा डिलरलाई अभाव सृजना नगर्न चेतावनी दिएपछि आपूर्ति सहज बनेको बताए । 'दुई दिन अघि वाणिज्य विभागको टोली अनुगमनमा गएको थियो,' उनले भने, 'त्यसक्रममा हामीले सबै व्यापारीलाई चेतावनी दियौं । अहिले आपूर्ति सहज बनिरहेको छ ।'

विभागले नेपाल आयल निगमसँग समेत ग्याँस अभावको विषयमा जानकारी लिएको महानिर्देशक शर्माले जानकारी दिए । निगम र ग्यास उद्योगीसँगको छलफलबाट अबको केही दिनमा उपत्यकाको ग्याँस आपूर्ति सहज बन्ने देखिएको उनको भनाइ छ । यसैबीच, नेपाल आयल निगमको बोर्ड बैठकले ग्याँसको आपूर्ति सहज बनाउनका लागि थप पहल गर्ने निर्णय गरेको छ । अभाव भएपछि निगमले निजी क्षेत्रसँगको सहकार्यमै अनुगमन गर्ने तथा भारतबाट थप बुलेट मगाउने निर्णय गरेको हो ।

-साभार: रातोपाटी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**Security Security Security**
**G15 Security SDNBHD Malayasia**

G15 Security पूर्व स्वीकृति मिति : २०७८।१२।२९ चलानी नं. ६०/१७/७८/४७ LT No. 261585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 50 | 00 | कामका लागि | 1200 | 35000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | निःशुल्क |

**फाइनल अन्तरवार्ता २०७९ वैशाख ९ गते शुक्रबार आइल्याण्ड जंगल रिसोर्ट चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाईनुहोला । बुझाएको रकमको अनिवार्य रुपमा भरपाई लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपालको कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँ बानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

**Sky of the World Manpower Pvt. Ltd**
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
**Chitwan Contact : 9855063454, 9806595102**
नोट : X-Army and र X-police लाई प्राथमिकता दिइनेछ ।

# सबै पालिकामा निर्वाचन अधिकृतको कार्यालय

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/ आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि मकवानपुरका १० वटै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खोलिएको छ ।

मकवानपुरका सबै पालिका सहित बिहीवार देशभर एकैपटक कार्यालय स्थापना गरेको छ । मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठ तथा प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको उपस्थितिमा हेटौंडा उपमहानगरपालिकामा कार्यालय स्थापना गरिएको छ ।

साथै, अन्य पालिकाहरुमा तोकिएका निर्वाचन अधिकृत, स्थानीय जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा निर्वाचन कार्यालय स्थापना गरिएको छ । मकवानपुरगढी गाउँपालिकाको मक्राञ्चुलीस्थित ३ नम्बर वडा कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय खोलिएको हो ।

मक्वानपुरगढी गाउँपालिका उपाध्यक्ष हर्कमाया रुम्बाले निर्वाचन अधिकृतको कार्यालयको उद्घाटन गरेकी थिइन् । मकवानपुरगढीमा निर्वाचन अधिकृतको रुपमा बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव नारन प्रसाद पोखरेल खटिएका छन् । निर्वाचन अधिकृतको कार्यालय मकवानपुरगढीमा पोखरेलको मातहतमा ९ जना कर्मचारी रहने छन् । सहायक निर्वाचन अधिकृतको रुपमा मकवानपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी छन् ।

निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, लेखापाल, कम्प्युटर अप्रेटर, कार्यालय सहयोगी र चालक रहने जनाइएको छ । मकवानपुरमा दुई लाख ९४ हजार ९ सय १९ जना मतदाता छन् । निर्वाचन आयोगले २९ वैशाख २०७९ सम्म १८ वर्ष पूरा भएका नागरिकलाई समावेश गरेर अन्तिम नामावली अनुसार मकवानपुरमा २ लाख ९४ हजार ९ सय १९ जनाले मतदान गर्न पाउने भएको निर्वाचन कार्यालयले जानकारी दिएको छ । एक लाख ४९ हजार ९ सय ५४ जना पुरुष मतदाता र एक लाख ४४ हजार ९ सय ५९ जना महिला र अन्यमा ६ जना मतदाता रहेका छन् । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरपालिकामा एक लाख ४ हजार ४ सय ७३ जना छन् । सबैभन्दा कम मतदाता इन्द्रसरोबर गाउँपालिकामा १२ हजार ४ सय ७१ जना मतदाता छन् । थाहा नगरपालिकामा ३२ हजार ३ सय ७, बकैया गाउँपालिकामा २९ हजार ९ सय ४३, बागमती गाउँपालिकामा २२ हजार ४०, भीमफेदी गाउँपालिकामा १७ हजार ४ सय २८ जना मतदाता छन् ।

यसैगरी, मनहरी गाउँपालिकामा २६ हजार ७ सय २१ जना, मकवानपुरगढी गाउँपालिकामा १९ हजार १ सय १८, रक्सिराङमा १५ हजार ८ सय ३२, कैलाश गाउँपालिकामा १४ हजार ५ सय ८६ जना मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ । मकवानपुरमा गत निर्वाचनभन्दा ६७ हजार १ सय ५८ जना मतदाता बढेका छन् । गत स्थानीय तह निर्वाचनमा मकवानपुरको मतदाता संख्या दुई लाख २७ हजार ७ सय ५९ थियो ।

आजदेखि एसईई परीक्षा

# मकवानपुरबाट सात हजारले परीक्षा दिने




हेटौंडा, ८ वैशाख/ राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने एसईई परीक्षा शुक्रबारबाट सुरु हुँदैछ । कोभिड महामारीका कारण गत दुई वर्ष विद्यालयको आन्तरिक मूल्याङ्कनको आधारमा परीक्षा बोर्डले नतिजा सार्वजनिक गरेको एसईई परीक्षा यसवर्ष परीक्षा केन्द्र तोकेर सञ्चालन गर्न लागेको हो ।

मकवानपुरबाट एसईईमा १ सय ३६ विद्यालयका ७ हजार १ सय ३८ जना परीक्षार्थी सहभागी हुनेछन् । परीक्षालाई सभ्य र सहज वातावरणमा सम्पन्न गराउन सम्पूर्ण तयारी पूरा भइसकेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका सूचना अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

मकवानपुरमा २४ वटा केन्द्रहरू तोकिएको छ । मकवानपुरका १० वटा पालिकामध्ये ८ वटा पालिकामा परीक्षा केन्द्र तोकिएको छ । बागमती गाउँपालिकामा तोकिएको परीक्षा केन्द्र जनता माविमा १ सय ८८ जना परीक्षार्थी परीक्षामा सामेल हुनेछन् ।

# मेयर बन्न हेटौंडा आएर सांसदबाट राजीनामा

साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ बागमती प्रदेश प्रदेशसभा सदस्य तथा पूर्वसामाजिक विकास मन्त्री विजय सुवेदीले पदबाट राजीनामा दिएका छन् । भरतपुर महानगरको प्रमुखका लागि उम्मेदबारी दिन सुवेदीले प्रदेश सांसद्बाट बिहीवार राजीनामा दिएका हुन् ।

सुवेदीले हेटौंडा आएर प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठसमक्ष राजीनामा दिएका हुन् । वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनमा भरतपुर महानगर पालिकाको मेयरमा उठ्न लागेकोले प्रदेशसभा सदस्यबाट राजीनामा दिएको उनले बताएका छन् । चितवनको क्षेत्र नम्बर २ ‘ख’ बाट प्रदेशसभा सदस्यमा निर्वाचित सुवेदी ४ वर्ष तीन महिना एक दिन बागमती प्रदेशसभा सदस्यको रुपमा रहेका थिए ।

सुवेदी एमालेबाट भरतपुर महानगरपालिकाको मेयरमा उठ्न लागेका हुन् । उनलाई भरतपुरको मेयरमा हेभिवेट उम्मेदवारका रुपमा होरिएको छ । भरतपुरमा सुवेदीको माओवादी केन्द्रकी नेतृ तथा वर्तमान मेयर रेणु दाहालसँग प्रतिस्पर्धा हुने सम्भावना छ । गठबन्धनको भागबण्डामा भरतपुर माओवादी केन्द्रले पाएपछि माओवादीले दाहाल नै देहोऱ्याउने लगभग पक्का छ । रेणु माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डका छोरी हुन् ।

# गठबन्धनको निर्णयविरुद्ध कांग्रेसका बहुमत पदाधिकारी



साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ नेपाली कांग्रेस मकवानपुरका बहुमत पदाधिकारी केन्द्रीय गठबन्धनको निर्णयबिरुद्ध उभिएका छन् ।

हेटौंडाको मेयर नेकपा (एकीकृत समाजवादी)लाई दिने केन्द्रीय गठबन्धनको सहमति विपरित कांग्रेसका जिल्ला पदाधिकारी एक भएका हुन् । उनीहरुले बिहीवार पार्टी कार्यालय पत्रकार सम्मेलन गर्दै हेटौंडाको मेयर कांग्रेसले पाउनुपर्नेमा जोड दिएका छन् । कांग्रेस जिल्ला उपसभापति आनन्द कठायतले हेटौंडाको मेयरको सम्बन्धमा गरिएको निर्णय पुनरावलोकन गर्न केन्द्रीय गठबन्धनलाई अपिल गरेका छन् ।

केन्द्रीय गठबन्धनको निर्णय नमान्ने चेतावनी दिँदै हेटौंडामा कांग्रेस एक्लै निर्वाचन लड्ने कठायतले बताए । कांग्रेस मकवानपुरमा पाँच जना पदाधिकारी संस्थापनइत्तर समूहका छन् । कांग्रेसको केन्द्रीयस्तरमै शेखर कोइरालाले नेतृत्व गरेको संस्थापन इतरको समूह गठबन्धन गर्न नहुने पक्षमा छ । पार्टी जिल्ला उपसभापति कठायत, सचिवद्वय भीमसेन महत र ईश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने र कांग्रेसबाट हेटौंडाको मेयरका आकांक्षी आनन्दराम पराजुलीलगायतले विज्ञप्तिमा हस्ताक्षर गर्दै केन्द्रीय गठबन्धनको निर्णयविरुद्ध जाने चेतावनी दिएका छन् ।

कांग्रेस हेटौंडा नगर समितिले पनि बुधवार हेटौंडाको मेयरको हकमा निर्णय सच्याउन पार्टी नेतृत्वलाई आग्रह गरेको थियो । कांग्रेसको संस्थापन पक्षकै नगर समितिलाई जिल्ला समितिका बहुमत संस्थापन इतरका पदाधिकारीसहित पूर्वसभापतिहरुले साथ दिएका छन् ।

‘यथास्थितिमा निर्वाचनमा जाँदा गठबन्धनको आवश्यकता, औचित्य र मर्मविपरित परिणाम आए हामी र आमकांग्रेस कार्यकर्ता जिम्मेवार र जवाफदेही हुँदैन्’, उपसभापति कठायतले भने । गठबन्धनभित्रका दलमध्ये नगरको सबैभन्दा ठूलो दल कांग्रेस र गत निर्वाचनमा प्राप्त परिणामका आधारमा कांग्रेसले मेयर पाउनुपर्नेमा नेताहरुको जोड छ ।

**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

☞ बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
☞ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो, त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**बालबालिकालाई दिइने टाइफाइड खोप सम्बन्धी सूचना**




यही **चैत २५ गते** देखि **वैशाख १८ गते** सम्म देशैभरका १५ महिना देखि १५ वर्षमुनिका सबै बालबालिकालाई टाइफाइड खोप प्रदान गरिँदै छ । बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगि टाइफाइडको खोप अनिवार्य लगाऔं । खोप लगाउने निश्चित मिति र स्थानको बारेमा जानकारी लिन स्वास्थ्य संस्था, विद्यालय वा वडा कार्यालयमा सम्पर्क गरौं ।

*साथै यस अभियान पश्चात् नियमित खोप कार्यक्रममा टाइफाइड खोप पनि समावेश गरिनेछ र १५ महिना पुगेका सबै बालबालिकालाई एक डोज टाइफाइड खोप प्रदान गरिनेछ ।*

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

*साझाकुरा*
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।

**पार्टी गर्दै हुनुहुन्छ ?**
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**ADMISSIONS OPEN**
FROM NURSERY TO GRADE IX
FOR ACADEMIC SESSION 2079
*for limited seats only*
Scholarship Test : 10 Baishakh 2079
APPLY ONLINE



*www.admission.hetaudaacademy.edu.np*
FOR MORE DETAILS
057-525548, 9847106642
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

साझाकुरा
**www.sajhakuranews.com**
“तपाईं, हामी सबैको कुरा ”
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना